खण्ड ०६, संख्या ०५, सिन्धुली, मसिर १९ गते, २०८१ साल

# घ्याङलेख गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२

## घ्याङलेख गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम घ्याङलेख गाउँ कार्यपालिकाले बनाएको तल उल्लेखिए बमोजिमको कार्यविधि सोहि दफाको उपदफा २ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

घ्याङलेख गाउपालिकाको छात्रवृत्ति तथा प्रोत्साहान अनुदान वितरण कार्यविधि, २०८१

संवत २०८१ को कार्यविधि नं ०२

# घ्याङलेख गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहान अनुदान वितरण कार्यविधि, २०८१

प्रस्तावना

नेपालको संविधानको अनुसूची ८ मा माध्यमिक स्तर सम्मको शिक्षण सिकाईको संचालन तथा त्यसको नियन्त्रण स्थानीय तहको दायित्व भनी स्पष्ट उललेख भएको र शिक्षा ऐन, २०२८ को दफा ११ (ण) मा नेपाल सरकारले निम्न-माध्यमिक शिक्षा र माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्ति व्यवस्था गर्न सक्ने, शिक्षा नियमावली,२०५९ को नियम १५२ मा निःशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने व्यवस्था अन्तरगत सामुदायिक विद्यालयले गरिबीको रेखामुनी रहेका दलित, जनजाती र महिला लगायत अन्य विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ (ज) विद्यालय शिक्षा संचालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई भएकोले घ्याङलेख गाउपालिकाले आफ्नो क्षेत्र भित्रका सबै विद्यार्थीको शिक्षामा समान पहुँच सुनिश्चित गर्न घ्याङलेख गाउपालिकाले घ्याङलेख गाउपालिका अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ बमोजिम घ्याङलेख गाउपालिकाको छात्रवृति तथा प्रोत्साहान अनुदान वितरण कार्यविधि, २०८१ जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिकः

१.संक्षिप्त नाम र प्रारम्भः (क) यस कार्यविधिको नाम “घ्याङलेख गाउपालिकाको छात्रवृति तथा प्रोत्साहान अनुदान वितरण कार्यविधि, २०८१” रहेको छ ।

ख) यो कार्यविधि घ्याङलेख गाउपालिकाकोगाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ‘ऐन’ भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्दछ र शिक्षा ऐन भन्नाले शिक्षा ऐन, २०२८सम्झनुपर्छ ।

(ख) “गाउँपालिका” भन्नाले घ्याङलेख गाउँपालिका हायुटार सिन्धुली सम्झनु पर्दछ ।

ग)“छात्रवृत्ति” भन्नाले गाउँपालिका भित्रका नियमित वा आंशिक रुपमा दलित,द्वन्द्ध पिडित, अपाङ्ग, गरिवीको रेखामुनी रहेका,, शहिद परिवार, सिमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाति तथा विपन्न लक्षित परिवारका विद्यार्थीहरुलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र र राष्ट्रिय परीक्षा बोर्डले स्वीकृत गरेको कृषि तथा पुशु विज्ञान,इञ्जिनियरिङ,चिकित्सा विज्ञान,सूचना तथा प्रविधि,संगीत तथा ललितकला आदि विषयहरु समेतलाई प्राविधिक शिक्षालयहरुमा सो विषय अध्ययन गर्न विद्यार्थीका लागि तोकिए बमोजिम नियमको आधारमाछात्रा र तोकीएका छात्रलाई प्रदान गरिने रकम लाई जनाउँछ ।

घ) “विद्यार्थी”भन्नाले प्राविधिक तथा तोकिएको विषयमा वाहेक उच्च शिक्षा अध्ययन गर्ने जुनसुकै बालबालीकाहरु लाई सम्झनु पर्दछ साथै अन्य विषयको अध्ययनको लागि पालिका भित्रका विद्यार्थीहरु लाई विशेष ग्राह्यता दिइने छ ,भने पालिका वाहिर अध्ययन गर्न चाहाने विद्यार्थीहरुलाई त्यसपछिको ग्राह्यता दिइने छ ।

ङ) “अध्यक्ष” भन्नाले घ्याङलेख गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

च) "उपाध्यक्ष" भन्नाले घ्याङलेख गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले घ्याङलेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ ।

ज) "विद्यालय निरीक्षक" भन्नाले घ्याङलेख गाउँपालिकाको विद्यालय शिक्षा हेर्ने निरीक्षक(शिक्षा शाखा प्रमुख) सम्झनुपर्दछ ।

झ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले घ्याङलेख गाउँपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद हेर्ने शाखा सम्झनु पर्दछ ।

ञ) "वडा " भन्नाले घ्याङलेख गाउँपालिका भित्रका वडाहरु सम्झनुपर्दछ ।

ट) "वडा अध्यक्ष" भन्नाले घ्याङलेख गाउँपालिका भित्रका सम्वन्धित वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

ठ) MBBS भन्नाले  Bachelor of Medicine and Bachelor of Surgery भन्ने बुझिन्छ ।

ड) प्राविधिक शिक्षा भन्नाले अनुसूची १ बमोजिमको शिक्षा सम्झनुपर्दछ ।

ढ) छोरी बुहारी भन्नाले "पालिका भित्रको स्थायी बासिन्दाको रुपमा रहेको विवाह भई आउने बुहारी र पालिका भित्र विवाह गरी बस्ने छोरी साथै बुहारी सम्झनु पर्दछ । भने पालिका वाहीर विवाह भएर जाने छोरी बुहारीको ग्राह्यता त्यस पछि हुनेछ ।"

ण) समिति भन्नाले"यस कार्यविधिको दफा १० बमोजिम गठित समिति सम्झनु पर्नेछ ।"

परिच्छेद-२

उद्देश्यः

३. उद्देश्यः यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क) यस छात्रवृत्तिको पारदर्शी र स्पष्ट आधारहरु तयार गर्ने ।

ख) विद्यार्थीको पठनपाठन गर्न पाउने हकलाई सुनिश्चित गर्नु ,

ग) समावेशी शिक्षा सुनिश्चित गर्नु,

घ) प्राविधिक शिक्षालाई प्रोत्साहन गर्नु,

ङ) गाउँपालिका द्वारा प्रदान गरिने विभिन्न अनुदान तथा छात्रवृत्ति न्यायोचित रुपले वितरणमा सहयोग पुऱ्याउनु,

च) यसरी वितरण गरिने छात्रवृत्ति रकमलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी परिणाम मुखी बनाउने ।

छ) सरोकारवालाहरुलाई छात्रवृत्ति सम्बन्धी जानकारीहरु सहज र सरल तरिकाले उपलब्ध गराउने ।

ज) विनियोजित बजेट र छात्रवृत्ति कार्यक्रम वास्तविक लक्षित वर्गसम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट पुऱ्याउने र पालिकाले योग्य जनशक्ति खपत गर्ने गरी अनिवार्य शर्त समेत बनाउने ।

**परिच्छेद-३**

# ४.छात्रवृत्ति वितरण गर्नु पूर्व अवलम्वन गर्नुपर्ने मापदण्डः

**क**) घ्याङलेख गाउँपालिकाले विभिन्न छात्रवृत्ति तथा अनुदान रकमहरु वितरण गर्दा तपसिलका कागजात सहित आवेदन संकलनको लागि कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

१) अनुसूची २,५,६ बमोजिम आवेदन फारम संकलन गर्ने,

२) अनुसूची ३ वमोजिम मुल्याङ्कन सिमतिबाट मुल्याङ्कन गर्ने,

३) दावी विरोध सहित ३ दिनको योग्यता सूची प्रकाशन गर्ने,

४) ग्राहय सेवाग्राहीको लागि एक समारोह सहित नगद वा बैकिङ प्रणली मार्फत रकम भुक्तानी गर्ने ।

ख) एकाघरको परिवारबाट परिच्छेद ४,५,६,७,८ मध्ये कुनै छात्रवृत्तिको लागि दुई वा दुई भन्दा बढी व्यक्तिहरुबाट आवेदन प्राप्त भएमा अधिकतम तहमा अध्ययनरत कुनै एकजना व्यक्तिलाई मात्र निज व्यक्तिले आवेदन दिएको छात्रवृत्ति उपलव्ध गराइनेछ र एउटै तहमा अध्ययनरत रहेको हकमा छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार कुनै एक जनालाई मात्रै छात्रवृत्ति उपलव्ध गराइनेछ ।

ग) कुल पुर्णाङ्कको ५०%अंक प्राप्त भएका लाभग्राहीलाई मात्र यस कार्यक्रममा सहभागी गराईने छ ।

## परिच्छेद-४

## दलित उच्च शिक्षा कार्यक्रम

५.दलित उच्च शिक्षा अध्ययन प्रोत्साहन अनुदान प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन्:

क) स्नातक, स्नाकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तहमा अध्ययन गरिरहेका दलित विद्यार्थीलाई प्रदान गरिनेछ ।

ख) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राविधिक विषयहरु वाली विज्ञान, पशु विज्ञान, कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, इलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राविधिक विषय लगायत कानून र विज्ञान अध्ययन गरिरहेका विद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

ग) SEE पछिको डिप्लोमा तहमा ३ वर्षे प्राविधिक विषयहरु बाली विज्ञान, पशु विज्ञान कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, इलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राविधिक विषय लगायत कानून र विज्ञान अध्ययन गरिरहेका विद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

घ) SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्राविधिक विषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम लिईरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

ङ) छात्रवृत्ति रकम अनुसूची-४ बमोजिम हुनेछ ।

च) छात्रवृत्ति प्रदान गरिने विषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको विषयको हकमा छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-५

## प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम

६) प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।
क) यस छात्रवृत्ति अनुसूची १ बमोजिमको विषय तथा SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्राविधिक विषयमा १८ महिने वा त्यस्तै किसिमका तालिम लिईरहेका विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

ख) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राविधिक विषयहरु वाली विज्ञान, पशु विज्ञान, कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, इलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राविधिक विषय लगायत कानून र विज्ञान र होटल व्यवस्थापन अध्ययन गरिरहेका विद्यार्थीहरुलाई प्रदान गरिनेछ ।
ग) छात्रवृत्ति रकम अनुसूची-४ बमोजिम हुनेछ ।
घ) छात्रवृत्ति प्रदान गरिने विषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको विषयको हकमा छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद -६

## छोरी/ बुहारी छात्रवृत्ति कार्यक्रम

### ७. छोरी /बुहारी छात्रवृत्ति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

क) २० वर्ष उमेर पुरा गरी विवाहगरेका र नगरेका, घ्याङलेख गाउँपालिका भित्र स्थायी बसोबास भएका र आफ्नो अध्ययनलाई निरन्तरता दिईरहेका साथै जुनसुकै विषयमा स्नातक/ स्नाकोत्तर उर्त्तिर्ण गरी बसेका छोरी,बुहारीहरुलाई अनुसूची ४ मात्र प्रोत्साहन रकम बढीमा एकपटक उपलब्ध गराईनेछ ।

ख) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा शिक्षा, कला, र ब्यबस्थापन बिषय लिई अध्ययन गर्ने विद्यार्थीलाई यस छात्रवृती प्रदान गरिने छैन तर सोहि तहमा शिक्षा बिषय अन्तरर्गत मुख्य बिषय गणित  वा बिज्ञान लिई पढिरहेका विद्यार्थीलाई यो छात्रवृत्ति वितरण गर्न बाधा पर्ने छैन ।

घ) विद्यालय शिक्षाको माथिल्ला तह कक्षा ११ र १२ मा प्राविधिक विषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलोक्ट्रोनिक्स  इन्जिनियरिङ लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राबिधिक बिषय अध्ययन गरिरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

ङ) SEE पछिको डिप्लोमा तहमा ३ वर्षे प्राविधिक विषयहरु बाली विज्ञान, पशु विज्ञान कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, इलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राविधिक विषय लगायत कानून र विज्ञान अध्ययन गरिरहेका विद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

च) SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्रबिधिक बिषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम लिईरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

छ) छात्रवृत्ति रकम अनुसूची-४ बमोजिम हुनेछ ।

ज) छात्रवृत्ति प्रदान गरिने विषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको विषयको हकमा छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद -७

## असहाय विपन्न निःशुल्क  विद्यालय शिक्षा कार्यक्रम

### ८. असहाय विपन्न छात्रवृत्ति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

(क) यस गाउँपालिका भित्र स्थायी बसोबास भई बाबु, आमा  वा दुबै नभएका तथा बाबु, आमा  वा दुबै भएर पनि आर्थिक रुपले बिपन्न भनी एकिन गरी सम्बन्धित वडाले गरेको सिफारीसको आधारमा छात्रवृत्ति उपलब्ध गराईनेछ । (ख) छात्रवृत्ति प्राथमिक तहको हकमा आर्थिक, सामाजिक कारणले विद्यालय  शिक्षाको पहुँच नपुगेका, विद्यालय बाहिर रहेका र विद्यालय भित्र रहेको  बाल बालिकालाई प्रदान गर्न सक्ने तथा आधारभूत( कक्षा ६-८) तह वा सो भन्दा माथिल्लो तहको हकमा शिक्षण संस्थामा अध्ययन गरिरहेका विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

ग) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा शिक्षा, कला र ब्यबस्थापन बिषय लिई अध्ययन गर्ने विद्यार्थीलाई यस छात्रवृत्ति प्रदान गरिने

छैन तर सोहि तहमा शिक्षा बिषय अन्तर्गत  मुख्य बिषय गणित वा बिज्ञान लिई  पढिरहेका विद्यार्थीलाई यो छात्रवृत्ति वितरण गर्न बाधा पर्ने छैन ।

घ) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राबिधिक बिषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलोक्ट्रोनिक्स  इन्जिनियरिङ लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राबिधिक बिषय अध्ययन गरिरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

ङ) SEE पछिको डिप्लोमा तहमा ३ बर्षे प्राबिधिक बिषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलोक्ट्रोनिक्स इन्जिनियरिङ , लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राविधिक बिषय अध्ययन गरिरहेका बिद्यार्थीलाई प्रदान गरिनेछ ।

च) SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्रबिधिक बिषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम लिईरहेका बिद्यार्थीलाइ प्रदान गरिनेछ।

छ) छात्रवृत्ति रकम अनुसूची-४ बमोजिम हुनेछ ।

ज) छात्रवृत्ति प्रदान गरिने विषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको विषयको हकमा छात्रवृत्ति व्यवस्थापन समितिका बमोजिम हुनेछ ।

## परिच्छेद-८

## MBBS अध्ययन सहयोग कार्यक्रम

९.MBBS अध्ययन सहयोग प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

(क) प्राप्त दरखास्त मध्ये रित पुगेकोलाई छात्रवृत्ति व्यवस्थापन समितिका निर्णय बमोजिम छात्रवृत्ति /रकम उपलब्ध गराईनेछ ।

(ख) छात्रवृत्ति /रकम सम्बन्धित शिक्षण संस्थालाई प्रदान गरिने छ ।

(ग) MBBS तहमा अध्ययन गरिरहेका विद्यार्थीलाई यो छात्रवृत्ति प्रत्येक सेमेष्टर/वर्ष प्रदान गरिनेछ ।

घ) छात्रवृत्ति प्राप्तगर्ने व्यक्तिले अध्ययन समाप्ति पछि गाउँपालिकाले तोकिएको ठाउँमा तोकिएको समयावधिकौ लागि सेवा प्रदान गर्नुपर्नेछ र सो को लागि छात्रवृत्ति प्राप्त गर्नुपुर्व अनुसूची ५ र ६ बमोजिमको प्रतिवद्वता/ कवुलियतनामा जाहेर गर्नु पर्नेछ साथै अन्यथा पालिकाबाट पाएको सबै सहयोगको ५०% रकम फिर्ता गर्नुपर्नेछ ।

ङ) छात्रवृत्ति प्राप्तगर्ने व्यक्तिले अध्ययन समाप्ति पछि गाउँपालिकाले तोकिएको ठाउँमा तोकिएको समयावधिको लागि सेवा प्रदान गर्नुपर्नेछ र सो को लागि छात्रवृत्ति प्राप्त गर्नुपुर्व अनुसूची ६ बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ ।

## परिच्छेद-९

**१०.छात्रवृत्ति व्यवस्थापन समिति :**

**क. गाउँपालिका वाट प्रदान गरिने छात्रवृत्ति व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहनेछ ।**

१) घ्याङलेख गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ती - अध्यक्ष

२) घ्याङलेख गाउँपालिका उपाध्यक्ष -    सदस्य

३) घ्याङलेख प्रमुख प्रशासकीय अधिकृत- सदस्य

४) सामाजिक विकास शाखा प्रमुख  -     सदस्य

५) घ्याङलेख शिक्षा शाखा प्रमुख -सदस्य सचिव

ख) समितिको बैठक सम्बन्धी निर्देशिका समिति आफैले तोके बमोजिम हुनेछ ।

ग) समितिले दैनिक बैठक भत्ता नियमानुसार उपलब्ध गराउन वाधा पर्ने छैन ।

## परिच्छेद-१०

**११.कार्यविधि संशोधनः** यस कार्यविधिको कुनै पनि दफा तथा उपदफा समयानुसार संशोधन गनुपर्ने आवश्यकता देखिएमा गाउँ कार्यकालिकाले संशोधन गर्न सक्नेछ ।

## परिच्छेद-११
## विविध

१२. **कार्यविधि लागु हुने**: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित ऐन कानूनमा स्पष्ट उल्लेख भएको व्यवस्था र प्रावधानहरुको हकमा सोही बमोजिम हुनेछ ।

१३) **बचाउः** यस पालिकाले यस भन्दा अगाडी गरेका निर्णय यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१४) **खारेजीः** घ्याङलेख गाउँपालिका  अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०८१ संघ र प्रदेश कानून सँग बाझिन गएमा बाझिएको हद सम्म यो कार्यविधि स्वतः निस्कृय हुने छ ।

# अनुसूची-१

## परिच्छेद १ दफा २ को (ज) सँग सम्वन्धित

परिच्छेद ५ बमोजिमको छात्रवृत्ति वितरण गर्ने प्रयोजनको लागि प्राविधिक शिषा भन्नाले तपसिल बमोजिमको शिक्षालाई बुझिन्छः

### १। इन्जीनियरिङ तर्फः

**i. Civil Engineering**
**ii. Electronic Engineering**
**iii. Industrial Engineering**
**iv. Electrical Engineering**
**v. Computer Engineering**
**vi. Mechanical Engineering**
**vii. Outomobile Engineering**
**viii. Goemetics Engineering**
**ix. Agricultural Engineering**
**x. Architecture Engineering**
**xi. Aerospace Engineering**

### २. चिकित्साशास्त्र तर्फः

**i. MBBS**
**ii. Bachelor of Ayurvedic Medicine and Surgery(BAMS)**
**iii. Bachelor Of Dental Surgery(BDS)**
**iv. Bachelor Of Public Health(BPH)**
**v. Bachelor of Science in Medical Laboratory Technology(Sc.MLT)**
**vi. Bachelor of Science in Medical Imaging Technology(Sc.MIT)**
**vii. Bachelor in Optometr vii. Bachelor of Genetic Science in Nursing**

**viii. Bachelor in Audiology Speech Language Pathology**

**ix. Bachelor in Pharmacy**

**x. Bachelor of Nursing Science in Adult Community and Child Psychiatry)**

## ३. वन विज्ञान तर्फः

**i. Bachelor of Forestry**

## ४.पशु तथा कृषि विज्ञान तर्फः

**i.Bachelor Of Science in Agriculture**

**ii. Bachelor of Veterinary Science and Animal Husbandry**

**iii. I.Sc.Ag, 3yrs iv. Bsc.Ag., 4yrs v. Msc.Ag., 2yrs vi. Bvsc. And AH vii. MvSc**

## ५. विज्ञान तथा प्रविधि तर्फः

**i. I.Sc General ii.
B.sc General iii.
M.Sc General iv.
B. Tech(Food) v.
B.Sc. (CSIT) vi.
B.Math.Sc.
v. B.Sc.(nutrition and dietetics)
vi.B.IT**

अनुसूची-२

परिच्छेद ३ को दफा ४ (क) को (अ) सँग सम्वन्धित

घ्याङलेख गाउँपालिकाको कार्यालय

हायुटार,सिन्धुली

दरखास्त आवेदन फारम

श्री छात्रवृत्ति व्यवस्थापन समिति अध्यक्ष ज्यू,
घ्याङलेख गाउँपालिका, हायुटार, सिन्धुली ।

विषयः छात्रवृत्ति सम्बन्धमा ।

महोदय ,

उपरोक्त सम्बन्धमा हाल म ................................विद्यालय/क्याम्पस ........................मा.................. अध्ययन गरि रहेको अध्ययन पुरा गरेर बसि रहेको छु। मेरो घरको निम्न आर्थिक अवस्थाको कारणले पढाइमा निरन्तरता दिन समस्या भएकोले मलाई यस गाउँपालिकाबाट उपलब्ध हुने उच्च शिक्षा (स्नातक वा स्नाकोत्तर), MBBS अध्ययनरत विद्यार्थी ,प्राविधिक शिक्षा/दलित तथा विपन्न लक्षित/शहिद परिवार छात्रवृत्ति/SEE तथा १२ को परीक्षामा A+ भएकोले छात्रवृत्ति/पुरस्कार उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु ।

१. आवेदकको नामथरः लिङ्गः

२. जन्म मितिः

३.नागरिकता प्र.नं. जारी मितिः जारी जिल्लाः

४. बाबुको नामः आमाको नामः

५. स्थायी ठेगानाः अस्थायी ठेगानाः

६. आवेदकको वैवाहिक स्थितिः विवाह भएको भए विवाह मितिः

७. आवेदकको जातिगत समूहः

क. जनजाति ☐ ख.सिमान्तकृत ☐ ग. दलित ☐ घ. लोपोन्मुख ☐

ङ. अन्य ☐

८. परिवारको विविकोपार्जनको मुख्य स्रोतः

क. कृषि ☐ ख. व्यापार व्यवसाय ☐ ग. परम्परागत पेशा ☐ घ. नोकरी
ङ. अन्य ☐

९.पारिवारीक स्थिती:

क. परिवारमुली एकल महिला भएको/नभएको ☐

ख. एकाघर परिवारभित्र अपाङ्गता भएको व्यक्ति भएको/नभएको ☐

ग. शहिद परिवार ☐

घ. द्वन्द पीडित परिवार ☐

ङ. दलित परिवार ☐

१०. परिवारको वार्षिकआम्दानी

क. २ लाख भन्दा कम ☐

ख. २ लाख भन्दा बढी ☐

११. हाल अध्ययनरत तह : संकाय : मुख्य विषय:

१२. हाल अध्ययनरत शिक्षण संस्थाको नाम र ठेगाना :

१३. सबभन्दा पछिल्लो शैक्षिक योग्यताको कुल प्राप्ताङ्क प्रतिशत/

१४. आवेदन दिन चाहेको छात्रवृत्ति/अनुदान/कार्यक्रम :

मैले यस निवेदनमा खुलाएका सम्पूर्ण विवरण सत्य छन् । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला/बुझाउला ।)

| आवेदकको ल्याप्चे सहिछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

आवेदकको हस्ताक्षर :

मिति :

**नोट: निवेदन साथ पेश गर्नु पर्ने कागजात**

१। गाउँपालिकाको स्थायी बासिन्दा भएको निस्सा।

२। सवै तहको शैक्षिक योग्यताको प्रमाणपत्र/ग्रेडसिटको प्रतिलिपि।

३। उच्च शिक्षा पढि रहेको भए क्याम्पस पढीरहेको हकमा सिफारिस ।

४। स्थानीय पालिका भित्रको लक्षित समुह किटिएको प्रमाण/सिफारिस ।

५। नागरिकताको प्रतिलिपि ।

६। सम्वन्धित वडाको सिफारिस ।

७। सामुदायिक विद्यालयमा, भए सो को सिफारिस ।

८। आफ्नै नाममा रहेको बैंक खाताको चेकको प्रतिलिपि

९। अविवाहित/विवाहित प्रमाणित ।

**अनुसूची ३**

**परिच्छेद ४ (ग) सँग सम्वन्धित**

**लाभग्राही प्राथमिकिकरण मापदण्ड**

**कुल पूर्णाङ्क १०० मानी तपसिलका आधारमा अङ्क प्रदान गरी लाभग्राही प्राथमिकिकरण गरिनेछः**

**छात्रवृत्ति छनौटको मापदण्ड :** (१) छात्रवृत्तिका लागि दिएको दरखास्त देहायको मापदण्डमा मूल्याङ्कन गरिनेछ ।

| सि.न. | मूल्याङ्कन सूचक | कुल अंक | मापदण्ड |
|---|---|---|---|
| १ | SLC/SEE /माध्यमिक शिक्षा परीक्षामा प्राप्त ग्रेड | ४० | विशिष्ट श्रेणी-४०,प्रथम श्रेणी-३०,द्धितिय श्रेणी-२०,तृतिय श्रेणी-१० र GPA मा दशमलब हटाउने जस्तै १.५ मा भए १५ अंक, |
| २ | लक्षित समुह विद्यार्थी | ५ | लक्षित समुहमा समावेश भए ५ अंक, |
| ३ | सामुदायिक विद्यालयमा अध्ययन गरेको | १५ | कक्षा ८,१० र १२ समेत सामुदायिक विद्यालयमा भए प्रति उल्लेखित प्रमाणपत्र वरावर ५ अंकका दरले, |
| ४ | लिङ्ग | १० | महिला भए १० अंक अन्यलाई ५ अंक |
| ५ | विपन्न परिवार | १० | वार्षिक २ लाख भन्दा कम आम्दानी भई काठ र ढुङ्गा,माटोले जडान भएको घर भनि वडाको सिफारिस बाट मात्र |

| | | | |
|---|---|---|---|
| ६ | निःशुल्क छात्रवृत्तिमा नाम निकालेकोमा वा लाभग्राहीको पछिल्लो शैक्षिक योग्यता प्रतिशत | १० | CTEVTE/प्राविधिक शिक्षालयमा नाम निकालेको स्लिप/ विशिष्ट श्रेणी-१०,प्रथम श्रेणी-७,द्बितिय श्रेणी-५,तृतिय श्रेणी-३ |
| ७ | कुनै पनि छात्रवृत्ति प्राप्त नगरे | १० | भर्ना भएको सम्वन्धित विद्यालयको सिफारिस भए मात्र |
| जम्मा | | १०० | |

**अनुसूची ४**

**परिच्छेद ४ (५) ङ, परिच्छेद ५ (६) ख, परिच्छ.द ६ (७) छ, परिच्छेद ७ (८) छ सँग सम्वन्धित**

छात्रवृत्ति रकम एक मुष्ट कर बाहेक देहाय बमोजिम उपलब्ध हुनेछ ।

| क.स. | शीर्षक | अधिकतम छात्रवृत्ति रकम |
|---|---|---|
| क. | स्नातकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तह(इन्जिनियरिङ,चिकित्सा,विज्ञान) | ७५,०००।- |
| ख. | BBS, स्नातक, स्नातकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तह(इन्जिनियरिङ,चिकित्सा,विज्ञान) | ५०,०००।- |
| ग. | कृषि विज्ञान,पशु विज्ञान,( स्नातक/स्नाकोत्तर) | ४०,०००।- सम्म |
| घ. | सूचना तथा प्रविधि,संगीत तथा ललितकला | ४०,०००।- सम्म |
| ङ. | +२ वा SEE पछिको डिप्लोमा तहमा ३ बर्षे प्राविधिक विषयहरु | १२,००० ।- |
| च. | आधारभूत तह र SEE मा A+ ग्रेड प्राप्तलाई पुरस्कार छात्रवृत्ति (३.६ देखि ४.० जिपिए ल्याउने) +२ अध्ययनरत गणित र विज्ञान र तोकीएको विषय | १०,०००।- सम्म |
| छ. | SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्राविधिक विषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम | ८,०००।- |
| ज. | स्नातक/स्नाकोत्तर तह उत्तिर्ण गरी विवाह गर्ने, नगर्ने छोरी बुहारी | ५०,०००।- |

अनुसूची ५

परिच्छेद ८ को ९ (घ) सँग सम्वन्धित

प्रतिवद्धता पत्र

सिन्धुली जिल्ला घ्याङलेख गाउँपालिका वडा नं. .........मा स्थायी वसोबास गर्ने.............................................................................कोनाति/नातिनी ......................तथा .............................................को छोरा /छोरी म निवेदक..............................................ले.....................................विद्यालयमा ..................................................................................विषय लिई एम.बि.बि.एस. तहको शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न, जेहेन्दार तथा बाल विवाह नगरेको विदार्थी समेत भएकोले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति प्राप्त गरि अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्त पश्चात यस गाउँपालिकाले तोकेको ठाउमा...........वर्ष सेवा गर्ने लिखित प्रतिवद्धता जाहेर गर्दछु ।

| | |
|---|---|
| प्रतिवद्धता जाहेर गर्नेको:<br>नाम थर:<br>दस्तखत:<br>मिति:<br>ठेगाना:<br>औंठा छाप:<br><br>दायाँ बायाँ | प्रतिवद्धता जाहेर गर्ने प्रमुख संरक्षकको नाम:<br><br>नाम थर:<br>दस्तखत:<br>मिति:<br>ठेगाना:<br>औंठा छाप:<br><br>दायाँ बायाँ |

अनुसूची ६

परिच्छेद ८ को ९ (ङ) सँग सम्वन्धित

कबुलियतनामा

श्री..............................को नाति/नातिनी श्री..............................को छोरा/छोरी/बुहारी जिल्ला सिन्धुली घ्याङलेख गाउँपालिका वडा नं......मा स्थायी बसोबास भएको हाल.................................माध्यमिक विद्यालय/शिक्षालय/सामुदायीक क्याम्पस....................................विषयमा अध्ययनरत विद्यार्थी म ....................( नागरीकता नं................) घ्याङलेख गाउँपालिका बाट प्रदान गरिने शैक्षिक छात्रवृत्ति अर्न्तगत महिला/ दलित /अल्पसंख्यक /सीमान्तकृत/ लोपोउन्मुख/ द्धन्द पीडित/ शहीद परिवार/ घाईते परिवार/ आर्थिक रुपले विपन्न तर्फको.........तहको लागि प्रदान हुने छात्रवृत्तिको लागि छनोट भएकोले शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८० का शर्तहरुको पूर्ण पालना गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम सरकारी बाँकी सरह फिर्ता बुझाउनेछु। सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी घ्याङलेख गाउँपालिका शिक्षा शाखामा पेश गरेको छु।

**छात्रवृत्ति पाउनेको**

दस्तखत : इमेल :

नाम : सम्पर्क ठेगाना

मोबाइल नं. :

मिति :

नोट : अध्ययन सम्पन्न भए पश्चात घ्याङलेख गाउँपालिका शिक्षा शाखामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

आज्ञाले

रामकुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत